*अनुसूची- १*

*( प्रकरण४.२ को खण्ड(क) सँग सम्बन्धित)*

# मुद्दती निक्षेपको लागि गोप्य सिलबन्दी दरभाउपत्र पेश गर्ने सम्बन्धी सूचना

मिति २०७७।१२।३१

यस कोषको लगानीयोग्य रकमलाई मुद्दती निक्षेपमा लगानी गर्नको निमित्त नेपाल राष्ट्र बैंकबाट बैंकिङ्ग कारोबार गर्न स्वीकृति प्राप्त "क" वर्गको वाणिज्य बैंकहरुबाट मिति २०७८।०१।०३ गते दिनको १ बजेसम्ममा कोषको पुल्चोक, ललितपुरस्थित **कर्जा, लगानी तथा ट्रेजरी व्यवस्थापन विभागमा** प्राप्त हुनेगरी आवश्यक विवरण पूर्णरुपले उल्लेख गरी हालै प्रकाशित वित्तीय विवरणको प्रतिलिपि समेत संलग्न गरी सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । सो दरभाउपत्र अन्तर्गत १ देखि ५ वर्ष अवधिसम्मको लागि मुद्दती निक्षेपमा लगानी गर्न सकिने छ । २०७८ बैशाख महिनामा बैंकमा रहेको मुद्दती निक्षेपको अवधि समाप्त हुने भएमा सोही रकमलाई पुनः मुद्दती निक्षेप खोल्नको लागि फरक ब्याजदर प्रस्ताव गर्नुपर्नेछ । तोकिएको समयपछि प्राप्त दरभाउ पत्रलाई मूल्याङ्कनमा समावेश गरिने छैन ।

सिलबन्दी दरभाउपत्रको फारम कोषको वेभसाईट www.epfnepal.com.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिने छ । प्राप्त दरभाउपत्रहरु मिति २०७८।०१।०३ गते दिनको १ बजे पश्चात् र सो दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट सोहि समयमा खोलिने छ । दरभाउपत्र स्वीकार गर्ने वा नगर्ने अधिकार कोषमा सुरक्षित रहेको छ ।

**कर्मचारी सञ्चय कोष**
**कर्जा, लगानी तथा ट्रेजरी व्यवस्थापन विभाग**
**पुल्चोक, ललितपुर**

*अनुसूची- २*

*( प्रकरण४.२ को खण्ड(ख) सँगसम्बन्धित)*

श्री कर्मचारी सञ्चय कोष
पुल्चोक, ललितपुर ।

मिति : ..............................

**बिषय : सिलबन्दी दरभाउ पत्र बारे ।**

कर्मचारी सञ्चय कोषको लगानी योग्य रकम बैंकहरुको मुद्दति निक्षेपमा लगानी गर्ने सम्बन्धमा त्यस कोषबाट मिति ............. मा आह्वान भए बमोजिम तपसिलमा उल्लिखित सबै शर्त यस बैकले पुरा गरेको घोषणा गर्दै तपसिलको तालिकामा उल्लेख भए बमोजिमको व्याजदरमा सोही तालिकामा उल्लेख भए बमोजिमको रकम लिन ईच्छुक भएकोले सोही प्रयोजनका लागि यो सिलबन्दी दरभाउपत्र पेश गरेका छौं । साथै, यो बैंक सञ्चित नोक्सानीको अवस्थामा, नरहेको नेपाल राष्ट्र बैंकको शिघ्र सुधारात्मक कारबाहीमा नपरेको र समस्याग्रस्त घोषणा नभएको ब्यहोरा बैंकको तर्फबाट स्वःघोषणा गर्दछौं ।

| **प्रस्तावित व्याजदर** (अंक र अक्षर दुवैमा) | **अवधी** | **लिन चाहेको रकम (रु. करोडमा)** | | **प्रस्ताव मान्य हुने अवधी** | **व्याज भुक्तानी प्रक्रिया** मासिक /त्रैमासिक |
|---|---|---|---|---|---|
| | | **न्यूनतम** (अंक र अक्षर दुवैमा) | **अधिकतम** (अंक र अक्षर दुवैमा) | | |
| | | | | | |

यस ...............................लि.को मिति ............................को त्रैमासिक बित्तीय सूचकाङ्क यस प्रकार रहेको छ :

| **क्र.सं.** | **विवरण** | **वित्तीय सूचकाङ्क** |
|---|---|---|
| १ | पूँजीकोष (Capital fund to risk weighted assets) | |
| २ | कर्जा निक्षेप अनुपात (CD Ratio) | |
| ३ | निष्क्रिय कर्जा (Non Performing Loan-NPL) | |
| ४ | हालको चुक्ता पूँजी | |
| ५ | प्रतिशेयर किताबी मूल्य (नेटवर्थ) | |
| ६ | प्रतिशेयर आम्दानी | |
| ७ | कुल निक्षेप रु. | |
| ८ | कुल कर्जा रु. | |

**पछिल्लो पटक बार्षिक साधारण सभा भएको मितिः...............**

**बाणिज्य बैंकका पदाधिकारीको**

दस्तखत : ..............................

नाम : ..................................

पद :...................................

**बाणिज्य बैंकको**

नाम : ..................................

ठेगाना :...................

छाप :

***नोटः*** *यसरी प्राप्त सिलबन्दी दरभाउपत्र स्वीकृत भईसकेको अवस्थामा स्वीकृत भएको बैंक तथा बित्तिय सस्थाले स्वीकार गरेपछी मुद्दती रसिदसँग अनिवार्य रुपमा Interest Payment schedule पनि संलग्न गर्नु पर्नेछ ।*